कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# बरुण हाइड्रोपावर कम्पनी लिमिटेड

# Barun Hydropower Company Limited

**रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौ**

**फोन नं. : ५७०५५९०/५७०५१५९**

E-mail: barunhydro@gmail.com, website:www.barunhydro.com.np

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु. ५३,५८,१५,०००/–(अक्षरेपी त्रिपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र) को एक शेयर बराबर एक शेयर (१:१) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. ५३,५८,१५,०००/–(अक्षरेपी त्रिपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र) बराबरको प्रति शेयर रु. १००/–अंकित दरका ५३,५८,१५० (त्रिपन्न लाख अन्ठाउन्न हजार एक सय पचास) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/– का दरले शत प्रतिशत भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औषत प्रतिफल**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१ पौष मसान्त | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०४.०१ | १११.६१ | ११२.२३ | ११६.७६ | ११०.३२ | ११३.६० | ११६.७१ |
| प्रति शेयर आम्दानी (रु.) | ०.९६ | १.६४ | ०.९२ | ४.५३ | ४.५४ | ३.२८ | ३.११ |
| नाफा/(नोक्सान) | २५,६३,८४८ | ८,७६७,८७० | ४९,३८,७७८ | २,४२,८८,५९९ | ४,८६,७३,८८४ | ३,५१,७१,४१५ | ३,३३,७७,८४७ |

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको उदघोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रती विश्वस्त भई हामीले यो हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु स्विकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) पृष्ठ नं. २८ मा प्रस्तुत गरेका छौं । साथै, हामीले बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४, मा उल्लेखित सबै प्रावधानहरुको समेत अनुपालना गरेका छौं ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) पृष्ठ नं. २२ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण**

यस विवरण पत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्येर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई CARE-NP BB (Is)[Double BB (Issuer Rating)]" रेटिङ्ग प्राप्त गरेको छ । (**Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal**) । केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA( Is)- देखि CARE-NP D (Is) प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA( Is) ले बलियो आधार जनाउंछ भने CARE-NP D (Is) ग्रेडले कमजोर आधारहरु जनाउंछ । CARE-NP B (Is) CARE-NP C (Is)CARE-NP D (Is) ले औसत भन्दा कम आधारहरु जनाउंछ । आधारहरुमा प्रयोग गरिने +(Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितीलाई जनाउंछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व) पृष्ठ नं. २६ मा उल्लेख गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२५ अप्रिल २९ (२०८२ बैशाख १६)

क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने अवधि : २०२६ जुन ०९ (२०८३ जेष्ठ २६)

विद्युत नियमन आयोगको पूर्व स्विकृति सम्बन्धी विवरण : यस निष्काशनलाई विद्युत नियमन आयोगले मिति २०८०/०५/०८ गते च.नं. ७४ प.सं. ०८०/८१ को पत्रबाट सहमति प्रदान गरेको छ ।

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८२/०२/०६ गते । | हकप्रद शेयर निष्काशन मिति : २०८२/०३/३१ गते । |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८२/०२/२३ गते । | हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०८२/०४/१९ गते (बैंकिङ समय पश्चात्) । |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाडौं
फोन नं.: ०१५३४३२६५, ५३४०९३२/३३
फ्याक्स नं.: ०१५३४५०१८
ईमेलः rbbmbl@rbbmbl.com.np

**“हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा**

क) **“विवरणपत्र”** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि प्रस्तुत गरिएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **“धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक”** भन्नाले आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) **“संगठित संस्था/कम्पनी”** भन्नाले निष्काशनकर्ता कम्पनी बरुण हाइड्रोपावर कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

घ) **“धितोपत्र”** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुनसक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरीद, बिक्रि वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

ङ) **“संकलन केन्द्र”** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ ।

च) **“निष्काशन बैंक”** भन्नाले निष्काशन तथा बिक्रि प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

छ) **“सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन”** भन्नाले बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

ज) **“नियमन निकाय”** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग, विद्युत बिकास विभाग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

झ) **“बोर्ड”** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्दछ ।

ञ) **“आस्वा सदस्य”** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

ट) **“वित्तीय विवरण”** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

ठ) **“प्रति शेयर नेटवर्थ”** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

ड) **“प्रति शेयर आम्दानी”** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

ढ) **“साधारण लगानी फिर्ता हुने अवधी”** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने वार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले कति वर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

ण) **“डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी”** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने वार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत Discount rate ले वर्तमान मूल्यमा परिणत गरी आउने नगद प्रवाहबाट परियोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति वर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

त) **“नगद प्रवाह”** भन्नाले परियोजनाबाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडी कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

थ) **“खुद सम्पत्ति (नेटवर्थ)”** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनुपर्छ ।

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**क) संगठित संस्थाको नाम :** बरुण हाइड्रोपावर कम्पनी लिमिटेड **(Barun Hydropower Company Limited)**

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका वडा.नं ३, चक्रपथ, काठमाण्डौमा रहेको छ । आवश्यकतानुसार स्वीकृत लिई अन्य ठाउँमा पनि शाखा तथा विद्युत आयोजनाहरु सञ्चालन गर्न सकिनेछ ।

**ग) कारोबार स्थान :** यस कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका वडा.नं. ३, चक्रपथबाट कारोबार गर्दै आइरहेको छ भने यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र संखुवासभा जिल्लाको जलजला गा.वि.स.(हाल पाँचखपन नगरपालिका) मा रहेको छ ।

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

क) बरुण हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६० साल माघ ६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनीको रुपमा दर्ता भै मिति २०६६ आषाढ ३१ गतेदेखि पब्लीक कम्पनीमा परिणत भै कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।

ख) यस कम्पनीको ७,२९,००० कित्ता बराबरको प्राथमिक शेयर निष्काशन मिति २०७१/११/१७ गते देखि मिति २०७१/११/२० गते सम्म भएको र बाँडफाट मिति २०७२/०१/१० गते भएको हो । कम्पनीको मिति २०७५/०१/१७ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । कम्पनीले IPO निष्काशन गरेको रकम निम्न तालिका अनुसार उपयोग गरेको छ ।

ग) कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको ३०% शेयर मध्ये सञ्चालक समितिको निर्णय अनुसार उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित संखुवासभा जिल्लाका बासिन्दाहरु) लगायत सर्वसाधारणलाई निष्काशन तथा वितरण गरिएको ।

घ) कम्पनीले कोशी अञ्चल, संखुवासभा जिल्लाको जलजला र शिद्धपोखरी गा.वि.स. (हाल कोशी प्रदेश, संखुवासभा जिल्ला पाँचखपन र चैनपुर नगरपालिकाहरु) बीच भएर बहने हेवा खोलाबाट ४.५ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप मिति २०६८/०४/२१ गतेदेखि विद्युतको व्यापारिक उत्पादन प्रारम्भ गरेको छ। कम्पनीले मिति २०७१/११/१७ गते देखि मिति २०७१/११/२० गते सम्म सर्वसाधारणमा शेयर जारी गरि मिति २०७२/०१/१० गते शेयर बाँडफाँड गरेको थियो ।

ङ) कम्पनीबाट उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६४ साल आश्विन ०२ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भई विद्युत खरिद बिक्री भैरहेको ।

| विवरण | मिति |
|---|---|
| कम्पनी दर्ता नं. | २६७८१/०६०/६१ |
| उद्योग दर्ता नं. | २६८/८८ |
| विद्युत खरिद बिक्री सम्झौता | २०६४/०६/०२ |
| विद्युत उत्पादन अनुमति पत्र प्राप्त (वि.सं.) | २०६४/११/१० |
| व्यापारिक उत्पादन सुरु भएको मिति (COD) | २०६८/०४/२१ |
| विद्युत नियमन आयोगको हकप्रद निष्काशनको स्वीकृत मिति | २०८०/०५/०८ |

च) यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित, कर्मचारी र सर्वसाधारणहरु) गरी दुई भागमा विभाजन गरीएको छ जसमध्ये प्रारम्भिक शेयर निष्काशनका बखत २८९ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजिको ७० प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तीहरुले र ३० प्रतिशत सर्वसाधारणहरु (१० प्रतिशत आयोजना प्रभावित क्षेत्रमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको छ ।

च(१) **हेवाखोला साना जलविद्युत आयोजना सम्बन्धी विवरण**

- आयोजनाको स्रोत नदी : हेवाखोला
- आयोजनाको किसिम : Run of the River
- विद्युत उत्पादन अनुमती प्राप्त मिति : २०६४/११/३०
- विद्युत उत्पादन अनुमती बहाल रहने मिती : २१००/०१/२१
- आयोजनाको कुल लागत : ६१,७३,४३,५५०
- आयोजनाको प्रति मेगावाट लागत : १३,७१,८७,४५५

च(२) मिति २०८०/०३/०२ गते आएको बाढीले हेवाखोला साना जलविद्युत आयोजनामा परेको क्षतिको विवरण

| विवरण | अनुमानीत क्षति रकम | बीमाबाट प्राप्त हुने क्षतिपूर्ति रकम |
|---|---|---|
| General Works | ४०,००,००० | हाल सम्म प्राप्त नभएको । |
| Civil Works | १६,०६,२५,२६२ | |
| HM Pipe and Accessories | ४,२४,६३,०४० | |
| Gate and Accessories | १,३२,९०,००० | |
| Electro Mechanical Accessories | १३,५०,११,८४० | |

**<u>क्षतिका कारण उत्पादन क्षमतामा पुऱ्याएको असर</u>**

उक्त बाढीका कारणले यस आयोजनाले वार्षिक रुपमा उत्पादन हुने विद्युत बिक्री वितरण गर्न नसकेकोले कम्पनीको आयमा नकरात्मक असर परेको छ। सो आयोजना पुनःनिर्माण कार्य सम्पन्न गरी मिति २०८१/०३/२१ गते बाट संचालनमा आएको जानकारी गराइन्छ।

च(३)**<u>जलशक्ति हाइड्रो कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित इलेप तातोपानी खोला आयोजना सम्बन्धी विवरण</u>**

- आयोजनाको स्रोत नदी : इलेप तातोपानी खोला
- आयोजनाको किसिम : Run of the River
- विद्युत उत्पादन अनुमती प्राप्त मिति : २०७८/०५/१५
- विद्युत उत्पादन अनुमती बहाल रहने मिती : २११३/०५/१४
- आयोजनाको कुल लागत : ४,४७,२०,००,०००
- आयोजनाको प्रति मेगावाट लागत : १८.८९ करोड

**इलेप तातोपानी खोला आयोजनाको हालसम्म भएको कार्य प्रगति विवरण**

| क्र.सं. | विवरण |
|---|---|
| १ | मिति २०७८/०५/१५ मा विद्युत विकास विभागबाट आयोजना निर्माणको लागि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएको। |
| २ | मिति २०७६/०८/१९ मा नेपाल सरकार उर्जा मन्त्रालयबाट IEE रिर्पोट स्विकृत गरिएको। |
| ३ | मिति २०७५/०३/२५ मा जलशक्ति हाइड्रो कम्पनी लिमिटेडले नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता सम्पन्न गएको। |
| ४ | आयोजना निर्माणको लागि आवश्यक पर्ने जग्गा खरीद कार्य भइरहेको र हालसम्म आवश्यक जग्गा मध्ये ७० प्रतिशत जग्गा खरीद गरिएको। |
| ५ | मिति २०७४/०५/१४ मा नेपाल विद्युत प्राधिकरणसँग ग्रिड कनेक्सन सम्झौता सम्पन्न भएको। |
| ६ | मिति २०८१/०३/३१ मा सानिमा बैंकको अगुवाइमा कर्जा सुविधा सम्बन्धी सम्झौता भएको। |
| ७ | मिति २०८०/१२/०२ मा जलशक्ति हाइड्रोपावर प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत भएको। |
| ८ | सिभिल, हाईड्रोमेकानिकल, ईलेक्ट्रोमेकानिकल तथा प्रसारण लाईन सम्बन्धी कार्यका लागि बोलकबोल गर्ने कार्य प्रकृयामा रहेको। |

**यस कम्पनीले हाल सम्म लगानी गरेका कम्पनी र त्यसमा रहेको शेयर स्वामित्व निम्नानुसार छ।**

| क्र.सं. | संस्थाको नाम | संस्थाको ठेगाना | शेयर स्वामित्व (कित्ता) | संचालक समितिमा प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|---|
| १ | अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेड | का.म.न.पा २९, काठमाडौं। | ५,००० | नभएको। | |
| २ | पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड | का.म.न.पा १०, काठमाडौं। | ५,४७३ | नभएको। | |
| ३ | सिउरी न्यादी पावर लिमिटेड | का.म.न.पा १०, काठमाडौं। | ५,००,००० | नभएको। | |
| ४ | जलशक्ति हाईड्रो कम्पनी लिमिटेड | का.म.न.पा ३, काठमाडौं। | २४,८६,८८० | भएको। | ४ जना |
| ५ | सगरमाथा जलविद्युत कम्पनी लिमिटेड | का.म.न.पा ३, काठमाडौं। | १,१०० | भएको। | १ जना |

**जलशक्ति हाइड्रो कम्पनी लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :**

क) काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिले प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको को उर्जा खरीद गर्नु पर्नेछ।

ख) आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्राधिकरणको पूर्व स्वीकृति बिना अन्य निकायलाई बिक्रि गर्न वा यस्तो अधिकार सुम्पिन पाइने छैन।

ग) आयोजनाको परीक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने विद्युत उर्जा बापत प्राधिकरणले कम्पनीलाई कुनै रकम भुक्तानी गर्नुपर्ने छैन।

(घ) कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत उर्जा कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ :

क्षतिपूर्ति रकम (रु.) =[(०.८ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा-सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा-सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर :

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शुन्य मानिनेछ। क्षतिपुर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्न पर्ने छैन। यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ।

(ङ) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ ।

च) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु ४।८० (चार रुपैया र असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा.घण्टा रु. ८।४० (आठ रुपैंया र चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ ।

साथै, व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) लाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ प्रतिशतका दरले ८ पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी) | सुख्खायाम (मंसिर १६ देखि जेठ १५ सम्म) (रु. प्रति युनिट) | वर्षायाम (जेठ १६ देखि मंसिर १५ सम्म) (रु. प्रति युनिट |
|---|---|---|
| पहिलो महिनादेखि १२औं महिनासम्म | ८।४० | ४।८० |
| १३औं महिनादेखि २४औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५औं महिनादेखि ३६औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७औं महिनादेखि ४८औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९औं महिनादेखि ६०औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१औं महिनादेखि ७२औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३औं महिनादेखि ८४औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५औं महिनादेखि ९६औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७औं महिना देखी सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

माथी जुनसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार वार्षिक मूल्य वृद्धि दिई कायम गरिनेछ :

- RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।

छ) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरेमा खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

ज) मासिक बिलिंग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाब गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक बिलिंगमा समायोजन गरिनेछ ।

झ) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ ।

**<u>क्षमता वृद्धि सम्बन्धी विवरण</u>**

- बरुण हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा संचालित हेवा खोला साना जलविद्युत आयोजना २,४०० कि.वा.को मिति २०६४/०६/०२ गते नेपाल विद्युत प्राधिकरण सँग विद्युत खरिद बिक्री सम्झौता भएको थियो ।
- कम्पनीले Hydrology Data, Design Discharge को अध्ययन गर्दा विद्युत उत्पादन अनुमती पत्रको ७(ब) को व्यवस्था बमोजीम परिमार्जित विस्तृत विवरण पेश गरी विद्युत उत्पादन क्षमता वृद्धि गर्न सकिने देखिएकोले विद्युत उत्पादन अनुमती पत्रको बुदा नं. २ को २४०० किलोवाटको जडीत क्षमतालाई वृद्दी गरी ४५०० किलोवाट र बुदा नं. ४ (ग) उपयोग गरीने जलस्रोतको परिणाम २.२४ घनमिटर प्रतिसेकेण्डलाई बृद्दी गरी ४.५ घनमिटर प्रती सेकेण्ड बनाई यी लगाएतका बुदाहरु परिवर्तन गरी आयोजनाको क्षमता बृद्दी गरी मिति २०६६/०५/१० गते ४५०० कि.वा.कायम गरी सोहि बमोजिम विद्युत खरिद बिक्री सम्झौता गरिएको हो ।
- यसै अनुसार विद्युत विकास विभागको पत्र संख्या वि.वि.वि. ०६४/६५, वि.ऊ.२५, मिति २०६६/१२/१५ मा विद्युत उत्पादन अनुमती पत्र संशोधन गरी आयोजना निर्माण सम्पन्न गरि संचालन गरिएको छ । हाल यस आयोजना बृद्दी भएको क्षमता बराबर उत्पादन भई सञ्चालनमा रहेको जानाकारी गराउदछौं ।

**हेवाखोला साना जलविद्युत आयोजनाको सम्झौता तथा वास्तविक उत्पादन परिमाण २०८० असार देखि २०८१ जेष्ठ सम्म**

| क्र.सं. | महिना | विद्युत बिक्री सम्झौता परिमाण | विद्युत उत्पादन तथा बिक्री परिमाण | प्रतिशत % |
|---|---|---|---|---|
| १ | असार | २१,८९,९९५ | १८,१८,७२० | ८३.०५ |
| २ | श्रावण | २१,२१,५५८ | १९,८१,५५० | ९३.४० |
| ३ | भाद्र | २१,२१,५५८ | १९,६४,९५० | ९२.६२ |
| ४ | असोज | २१,२१,५५८ | १५,९२,१९० | ७५.०५ |
| ५ | कार्तिक | २०,५३,१२१ | १३,५७,६५० | ६६.१३ |

| | | | | |
|---|---|---|---|---|
| ६ | मंसिर | १७,२६,२२२ | ८,३१,०३० | ४८.१४ |
| ७ | पुस | ११,८५,३६८ | ५,६१,०१० | ४७.३३ |
| ८ | माघ | ७,७४,०५१ | ४,३४,७१० | ५६.१६ |
| ९ | फाल्गुण | ७,४६,५१८ | ३,२१,३२० | ४३.०४ |
| १० | चैत्र | ७,६१,८१९ | ४,३४,७१० | ५७.०६ |
| ११ | बैशाख | ११,२८,१६६ | ४,०४,७६० | ३५.८८ |
| १२ | जेष्ठ | १८,७८,१०२ | ७,१०,३५० | ३७.८२ |

**इलेप तातोपानी खोला आयोजना हाल निर्माणधिन अवस्थामा रहेको ।**

**धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १३ बमोजिमको विवरण**


**I.P Mainali & Associates**
Chartered Accountants
ICAN Reg. No. 869
Cop No: 978
Membership No. 1440

PAN No. 612770083
Kathmandu-8, Jayabageshwori
Tel: 01-4913480
Email: ca.indramainaly@gmail.com


प्रमाणिकरण नं. २८।०८१।०८२
मिति: २०८१।०८।१७

## जो जस सँग सम्बन्धित छ ।

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४ को दफा १३ बमोजिम "बरुण हाईड्रो पावर कम्पनी लिमिटेड " को निम्न बुँदाहरु प्रमाणित गर्दछौ ।

| सि.नं. | व्यवस्था | प्रमाणिकरण |
|---|---|---|
| क | हकप्रदशेयर निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना र रणनीतिहरू तथा निष्काशन गर्ने हकप्रद शेयर अनुपातको औचित्यपुष्टि गर्ने आधारहरू खुलाई साधारण सभाबाट पारित गरेको, | इलेप (तातोपानी) खोला जलविद्युत परियोजनामा शेयरधनी भई लगानी गर्ने तथा केहि रकम आयोजना मर्मतमा लगानी गर्ने भनि साधारण सभा बाट निर्णय भएको । |
| ख | प्रारम्भिक सार्वजनिक निष्काशन गरेको कम्तीमा दुई वर्ष पूरा भएको, | भएको |
| ग | क्रेडिट रटिङ्ग गरेको, | भएको |
| घ | जारी पूँजी शतप्रतिशत चुक्ता भएको, | हकप्रद शेयर बाहेक चुक्ता भएको |
| ङ | आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासन सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरेको, | आन्तरिक नियन्त्रण प्रणालि रहेको र संस्थागत सुशासन सम्बन्धि नितिगत व्यवस्था गरेको । |
| च | परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनु पर्ने भएमा त्यस्तो इजाजत, अनुमतिपत्र वा स्वीकृति लिएको, | विद्युत खरीद बिक्री सम्झौता गरेको, आयोजनाको विद्युत उत्पादनको अनुमति प्राप्त गरेको । |
| छ | परियोजना निर्माणको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्यप्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक पूर्वाधार निर्माण कार्य शुरु गरेको, | अधिकांश जग्गा खरिद गरेको र बाकी जग्गा खरिद प्रकृयामा रहेको र पहुँच मार्ग निर्माण गरेको । |
| ज | परियोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसको पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमान खरिद प्रक्रिया अगाडि बढाएको, | खरिद प्रकृयाको लागी बोर्डबाट आह्वान पत्र खुलाउने निर्णय गरेको । |
| झ | परियोजना निर्माणको लागि वित्तीय व्यवस्थापन तथा फाइनान्सियल क्लोजर को सैद्धान्तिक सहमतिपत्र (लेटर अफइन्टेन्ट) प्राप्त गरेको, | सानिमा बैंक लि. को अगुवाईमा वित्तिय व्यवस्थापन सम्झौता तथा फाइनान्सियल क्लोजर भईसकेको । |
| ञ | जलविद्युत परियोजनाको सम्बन्धमा परियोजना बिकास सम्झौता तथा विद्युत खरिद सम्झौता गरेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरू निर्माणका लागि बोलपत्र आह्वान गरेको, | विद्युत खरिद सम्झौता गरेको र जलविद्युत परियोजना निर्माणको लागि ठेक्का सम्झौताको लागी बोर्डबाट निर्णय गरेको । |
| ट | दोश्रो कम्पनी वा सहायक कम्पनीले नियमअनुसार लेखापरीक्षण तथा साधारण सभा गरेको, | गरेको । |
| ठ | दोश्रो कम्पनी वा सहायक कम्पनी ले कारोबार सञ्चालन गरेको कम्तीमा एक वर्षको अवधि पूरा गरेको, | सहायक कम्पनी मिति २०७१/०४/१९ मा प्रा. लि. को रुपमा दर्ता भई मिति २०८०/१२/०२ मा पब्लिक कम्पनीको रुपमा परीवर्तन भएको । |

यो प्रमाणपत्र व्यवस्थापनले उपलब्ध गराएको कागजात तथा जानकारीका आधारमा तयार गरिएको र हाम्रो पक्षमा कुनै दायित्व बिना माथि उल्लेखित संस्थाको अनुरोध अनुसार जारी गरिएको हो ।

I.P. Mainali & Associates Kathmandu Chartered Accountants

सि.ए. इन्द्र प्रसाद मैनाली
आईक्यान प्रमाणपत्र नं. १४४०
UDIN Number: 241202CA01440RfK9j

**कम्पनीको मुख्य उद्देश्यहरु :**
**कम्पनीको प्रबन्धपत्रको दफा ४ र नियमावलीको ४ अनुसार कम्पनीको मुख्य उदेश्यहरु निम्नानुसार रहेको छ।**

(१) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ सस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युत शक्ति उत्पादन, विद्युत शक्तिको अध्ययन सर्वेक्षण, वितरण, प्रसारण लाइन निर्माण तथा सम्भार कार्य गर्ने।

(२) नेपाल विद्युत प्राधिकरण तथा उर्जा सम्बन्धी काम गर्ने अन्य यस्तै प्रकारका समान उद्देश्य भएका संस्था वा कम्पनीहरुसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने। विद्युत उत्पादन गरी केन्द्रिय प्रसारण लाइन मार्फत बिक्रि गर्ने वा अन्य आइपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने।

(३) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई नेपालका नदीनालाहरुबाट विभिन्न स्तरका जलविद्युत आयोजनाहरुको निर्माण गरी सञ्चालन गर्ने। वायु शक्ति, सौर्य शक्ति, फ्यूल प्लाण्ट वा अन्य शक्ति तथा सोसँग सम्बद्ध प्रविधि सम्बन्धी अनुसन्धान कार्य गर्नुका साथै सम्भावना देखिएमा योजना तर्जुमा गरी विद्युत उत्पादन गर्ने।

(४) विद्युत प्राधिकरणले सञ्चालन गरेका पुराना जलविद्युत केन्द्रको पुनःसञ्चालन गरी विद्युत उत्पादन वृद्धिका लागी आवश्यक सम्झौता गर्न ठेक्का लिने, विद्युतसँग सम्बन्धित सेवा, परामर्श तथा राय सुझाव तथा सल्लाह दिने। शक्तिसँग सम्बन्धित व्यवसाय विस्तार गर्ने तथा विदेशमा विद्युत निर्यात गरि विदेशी मुद्रा आर्जन गरि देश विकासको काममा सहभागी बन्ने।

(५) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रीपूर्ण सम्बन्ध स्थापना गरि कम्पनीलाई हितहुने बिषयहरुमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने। सभा सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागी आवश्यक जनशक्ति तयार गर्ने।

(६) उर्जा विकासका लागी नेपाली नागरिकहरुलाई सचेत, सक्षम र क्रियाशील बनाई यस माध्यमबाट सकेसम्म धेरै स्वदेशी जनशक्तिहरुलाई परिचालन गरि विभिन्न जनउपयोगी तथा व्यावसायीक कार्यक्रमहरु सञ्चालन गर्ने।

(७) पर्यावरण तथा वातावरणीय सन्तुलन सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरि सक्षम जनशक्ति निर्माण गर्न प्रयत्न गर्ने तथा तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने।

(८) उर्जा विकास कार्यक्रम सञ्चालन गरे पश्चात त्यसबाट हुने खुद नाफाको निश्चित प्रतिशत रकम सम्बन्धित क्षेत्रको वातावरणीय विकास तथा सोको समग्र विकासका लागी खर्च गर्ने।

(९) उर्जा विकासको लागी चाहिने सामानहरुको व्यापार सम्बन्धी कारोवारहरु गर्ने।

(१०) जलविद्युत, खानेपानी, सिञ्चाई तथा अन्य विकास आयोजनाहरुको कार्यान्वयनको शिलशिलामा प्रारम्भिक वातावरणीय अध्ययन तथा वातावरणीय प्रभाव मुल्याङ्कन एंव वातावरणीय व्यवस्थापन सम्बन्ध परामर्शदाताको कार्य गर्ने।

**ङ ) शेयर पूँजीको संरचनाः**

क) **अधिकृत पूँजीः** यस कम्पनीको अधिकृत पूँजी रु. १,२०,००,००,०००/– (अक्षरेपी एक अर्ब बीस करोड मात्र) हुनेछ, जसलाई प्रति शेयर रु.१००/- दरका १,२०,००,००० (एक करोड बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

ख) **जारी पूँजीः** कम्पनीले तत्काल जारी गर्ने पूँजी रु. १,०७,१६,३०,०००/– (अक्षरेपी एक अर्ब सात करोड सोह्र लाख तीस हजार मात्र) हुनेछ, जसलाई प्रति शेयर रु.१००/- दरका १,०७,१६,३०० (एक करोड सात लाख सोह्र हजार तीन सय) थान साधारण शेयरमा विभाजन गरिएको छ।

ग) **चुक्ता पूँजीः** कम्पनीका संस्थापक शेयरधनी तथा शेयरधनीहरुले तत्काल चुक्ता गर्न कवुल गरेको पूँजी रु. १,०७,१६,३०,०००/– (अक्षरेपी एक अर्ब सात करोड सोह्र लाख तीस हजार मात्र) हुनेछ, जसलाई प्रति शेयर रु.१००/- दरका १,०७,१६,३०० (एक करोड सात लाख सोह्र हजार तीन सय) थान साधारण शेयरमा विभाजन गरिएको छ।
*चुक्ता पूँजी मध्ये रु. ५३,५८,१५,०००/- (*अक्षरेपी त्रिपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र*) यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् चुक्ता हुनेछ।*

| अधिकृत पुँजी | जारी पुँजी | चुक्ता पुँजी | संसोधित आ.व |
|---|---|---|---|
| रु. ३५,००,००,०००/- | रु. २४,३०,००,०००/- | रु. १७,०१,००,००० /- | २०६९/०३/१३ |
| रु. ६०,००,००,०००/- | रु. ६०,००,००,०००/- | रु. ४८,६०,००,०००/- | २०७३/०७/०९ |
| रु. ६०,००,००,०००/- | रु. ६०,००,००,०००/- | रु. ५१,०३,००,०००/- | २०७४/०७/०९ |
| रु. ६०,००,००,०००/- | रु. ६०,००,००,०००/- | रु. ५३,५८,१५,०००/- | २०७७/१२/१० |
| रु. १,२०,००,००,०००/- | रु. १,०७,१६,३०,०००/- | रु. १,०७,१६,३०,०००/- | २०८०/०४/२१ |

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**
हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. ५३,५८,१५,०००/- (अक्षरेपी त्रिपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र) रहेको छ। हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु. १,०७,१६,३०,०००/- (अक्षरेपी एक अर्ब सात करोड सोह्र लाख तीस हजार मात्र) कायम हुनेछ। कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईन पिरियड (Lock-In period) मा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०७५ बैशाख १८ गतेदेखि लकईन पिरियड (Lock-In period) समाप्त भई साधारण शेयरमा परिणत भई खुल्ला रुपमा कारोवार भईरहेको छ।

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**
मिति २०७५ बैशाख १८ गते संस्थापक शेयरको लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भै राखेको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ। सम्पूर्ण शेयर स्टक एक्सचेञ्जमा सूचिकरण भई कारोबार भईरहेको छ। बैंकबाट लिएको कर्जाको सुरक्षणका लागी कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ।

२०८१ आषाढ मसान्त सम्मको आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व रहेको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्र.सं. | नाम | ठेगाना | शेयर संख्या |
|---|---|---|---|
| १. | श्री श्रीजेश गुरागाई | बुढानिलकण्ठ, काठमाण्डौं | ४,५५,३३४ |
| २. | श्री भोगेन्द्र कुमार गुरागाई | गोल्फुटार, काठमाडौं | १,७३,१०४ |
| ३. | श्री शैलेन्द्र गुरागाई | बुढानिलकण्ठ, काठमाण्डौं | १,४१,८२९ |
| ४. | श्री हरी मान प्रधान | कालिकास्थान, काठमाडौं | ७३,८४८ |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

यस कम्पनीको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ५३,५८,१५० कित्ताको एक शेयर बराबर नयाँ एक शेयर (१:१) को अनुपातमा (अर्थात् हाल कायम १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/– का दरले जम्मा ५३,५८,१५० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ । विद्युत नियमन आयोगबाट मिती २०८०/०५/०८ गते रु. ५३,५८,१५,०००/– (अक्षरेपी त्रीपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र) चुक्ता पूँजीलाई १:१ का दरले हकप्रद शेयर निष्काशन गर्नका लागि सैद्धान्तिक सहमती प्रदान भए बमोजिम ५३,५८,१५० कित्ताले हुन आउने रु. ५३,५८,१५,०००/– (अक्षरेपी त्रीपन्न करोड अन्ठाउन्न लाख पन्ध्र हजार मात्र) बराबरको हकप्रद साधारण शेयर जारी गरिनेछ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा भएको निर्णय:**

यस बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८०/०४/२१ गते सम्पन्न भएको विशेष साधारण सभाले हाल कायम चुक्ता पूँजी रु. ५३,५८,१५,०००/- को १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको छ । सो को लागी श्री विद्युत नियमन आयोगबाट हकप्रद शेयर निश्काशन गर्न निम्नानुसारको सर्तहरु राखी मिती २०८०/०५/०८ मा स्वीकृती प्राप्त गरिएको ।

शर्तहरु :

क) प्रचलित कानुन बमोजिम अनुमतीपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्वन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।

ङ) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गनुपर्नेछ ।

श्री विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशनको स्वीकृत सम्बन्धमा पालना गर्नुपर्ने शर्तहरु पूर्ण रुपमा पालना गरिएको व्यहोरा जानकारी गराउदछौं ।

**ञ) सञ्चालकहरुको परिचय:**

**(१) आधारभूत शेयरधनीहरुको नाम, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

| क्र.स. | नाम | ठेगाना | शेयर स्वामित्व संख्या | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव सम्बन्धित क्षेत्र | अन्य अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | श्री श्रीजेश गुरागाई | बुढानिलकण्ठ, काठमाण्डौं | ४,५५,३३४ | ८.४९ | स्नातक | अध्यक्ष-माई खोला हाइड्रोपावर | उर्जा क्षेत्रमा ५ वर्षको अनुभव । |
| २ | श्री भोगेन्द्र कुमार गुरागाई | गोल्फुटार, काठमाडौं | १,७३,१०४ | ३.२३ | स्नातकोत्तर | अध्यक्ष-डादी ग्रुप पावर लि. | उर्जा क्षेत्रमा १५ वर्षको अनुभव । |
| ३ | श्री शैलेन्द्र गुरागाई | बुढानिलकण्ठ, काठमाण्डौं | १,४१,८२९ | २.६५ | स्नातकोत्तर | अध्यक्ष-बझाङ्ग सेती हाड्रोपावर | उर्जा क्षेत्रमा १७ वर्षको अनुभव । |
| ४ | श्री हरी मान प्रधान | कालिकास्थान, काठमाडौं | ७३,८४८ | १.३८ | स्नातक | - | व्यापार व्यवसायमा ८ वर्षको अनुभव । |

(२) **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**
कम्पनीको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

**संचालकहरुको विवरण**

| सि.नं. | नाम, ठेगाना | पद | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित व्यवसायमा अनुभव | अन्य अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | डा. भुषण गुरागाई बुढानिलकण्ठ न.पा. १०, काठमाण्डौ (संस्थापक समुह) | अध्यक्ष | नेपाली | २,००० | स्नातकोत्तर | अध्यक्ष-बरुण हाइड्रोपावर कम्पनी लि. | करिव ११ बर्ष देखि उर्जा तथा वित्तीय क्षेत्रमा आवद्ध भई विभिन्न संघ संस्थासंग कार्य गर्दै आउनुभएको । |
| २. | डा.अभिनव दाहाल बुढानिलकण्ठ ०६, काठमाण्डौ ( सर्वसाधारण समुह) | सञ्चालक | नेपाली | २०० | स्नातकोत्तर | संचालक-बरुण हाइड्रोपावर कम्पनी लि. | चिकित्सा क्षेत्रमा करिब १५ बर्षको अनुभव |
| ३. | श्री रमेश अधिकारी भद्रपुर ०८, झापा (संस्थापक समुह) | सञ्चालक | नेपाली | २०० | स्नातक | संचालक-बरुण हाइड्रोपावर कम्पनी लि. | उर्जा तथा जलविद्युत क्षेत्रमा करिब १० बर्षको अनुभव |
| ४. | श्री सौरभ गुरागाई महांकाल ०६, काठमाण्डौ ( संस्थापक समुह) | सञ्चालक | नेपाली | १,००० | स्नातक | संचालक-बरुण हाइड्रोपावर कम्पनी लि. | व्यापार व्यवसाय तथा उर्जा क्षेत्रमा करिव ७ बर्षको कार्य अनुभव |
| ५. | श्री सम्झना तजले भक्तपुर ०४, भक्तपुर | स्वतन्त्र सञ्चालक | नेपाली | - | स्नातक | संचालक-बरुण हाइड्रोपावर कम्पनी लि. | उर्जा क्षेत्रमा ६ वर्ष भन्दा बढीको अनुभव |
| ६. | श्री किरण निधी तिवारी, | प्रमुख कार्यकारी अधिकृत | नेपाली | - | स्नातकोत्तर | बरुण हाइड्रोपावर लि.- प्रमुख कार्यकारी अधिकृत | - डादी ग्रुप पावर लि.मा लेखा अधिकृतको रुपमा २ वर्षको कार्यानुभव ।<br>- एभरेष्ट बैंक लि.मा ८ वर्षको कार्यानुभव ।<br>- ज्योती विकास बैंक लि.मा २ वर्षको कार्यानुभव । |

यस कम्पनीका संचालकहरुले सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिमका प्रावधानहरुको पूर्ण रुपमा पालना गरेको उद्घोषण गर्दछौं ।

**ट) सञ्चालक समितिको बनौट :**
कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहायबमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक समूहबाट मनोनित र निवार्चित | ३ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | १ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **५ जना** |

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको संचालक समितीको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरीद गर्न आवेदन दिन सक्नेछन र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरीदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बांकि रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले तोके बमोजिम पारदर्शी तरिकाारा लिलाम बढाबढ गरि बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै २.१ हुन आएमा खण्डितहरुको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ३ कित्ताका (खण्डित शेयर २.१ को माथिल्लो पूर्णाङ्क भनेको ३ भएकोले) लागि प्रति शेयर रु.१००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा पूंजि संरचना परिबर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन बर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रती शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतीफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

(क) आ.व.२०७८/०७९, आ.व.२०७९/०८० तथा आ.व.२०८०/०८१ को लेखापरिक्षण गरिएको वास्तविक वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

**वासलात**

| विवरण | वास्तविक (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | ८,५७६,५०७ | १०,१०९,३२८ | ११,४४४,७१९ |
| घटाउने :संचित ह्रास कट्टि | (५,३५८,४७३) | (६,२७७,२६२) | (७,३०९,५६८) |
| खुद सम्पत्ति, मेशिनरी तथा उपकरण | ३,२१८,०३४ | ३,८३२,०६६ | ४,१३५,१५१ |
| परियोजना सम्पत्ति | ६४८,४८५,६७५ | ६४८,४८५,६७५ | ७४०,९५७,००२ |
| घटाउने :संचित ह्रास कट्टि | (२१४,७४४,५३४) | (२३५,५६४,१०९) | (२६१,०४६,१०४) |
| खुद परियोजना सम्पत्ति | ४३३,७४१,१४१ | ४१२,९२१,५६६ | ४७९,९१०,८९८ |
| सहायक कम्पनीमा लगानी | - | १०३,७८८,००० | २४८,६८०,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **४३६,९५९,१७५** | **५२०,५४१,६३२** | **७३२,७२६,०४९** |
| **चालु सम्पत्ति** | | | |
| व्यपारिक आसामी | १९,८२८,७७६ | ६,५४७,४५८ | ३,४००,९२७ |
| नगद तथा नगद मौज्दात | १०,७९०,५८१ | ५९,०८६,९९७ | ९६१,७०८ |
| शेयरमा गरिएको लगानी | १,९४६,००० | ५४,३२१,९५५ | ५५,९९४,६६७ |
| अन्य वित्तीय सम्पत्ति | ७१९,२०० | ९६,९३१,२०० | ५५,९२८,२०० |
| चालु कर सम्पत्ति | - | २,१८३,०४६ | २,६९५,४०५ |
| अन्य चालु सम्पत्ति | २७,१६१,४७९ | ५६,४९३,४१९ | ८७,०७८,६८९ |
| कर्जा तथा सापटी | - | - | - |
| **जम्मा चालु सम्पत्ति** | **६०,४४६,०३६** | **२७५,५६४,०७५** | **२०६,०५९,५९६** |
| **जम्मा सम्पत्ति** | **४९७,४०५,२११** | **७९६,१०५,७०७** | **९३८,७८५,६४५** |
| **इक्विटी र दायित्वहरु** | | | |
| **इक्विटी** | | | |
| शेयर पूँजी | २६७,९०७,५०० | ५३५,८१५,००० | ५३५,८१५,००० |
| जगेडा तथा कोष | १०,७४२,६४८ | ६२,१९९,०३८ | ६५,५३४,९८४ |
| **जम्मा इक्विटी** | **२७८,६५०,१४८** | **५९८,०१४,०३८** | **६०१,३४९,९८४** |
| दिर्घकालीन आवधिक कर्जा | - | - | - |
| **गैर चालु दायित्व** | | | |
| सापटी | १६७,२०३,६५३ | १५२,३३०,५७४ | १७२,६४२,४८९ |
| स्थगन कर दायित्व | | - | ७७६,७०८ |
| **जम्मा गैर चालु दायित्व** | **१६७,२०३,६५३** | **१५२,३३०,५७४** | **१७३,४१९,१९७** |
| **चालु दायित्व** | | | |
| अल्पकालीन कर्जा | २३,२५२,६५९ | २५,५६८,१५० | १२३,५५५,६०४ |

| | | | |
|---|---|---|---|
| अन्य दायित्व | १२,०००,४०२ | १२,७३८,४९८ | ३६,२४४,६८५ |
| चालुकर दायित्व | ३,७२६,५१९ | ४,१९८,४४२ | ८७६,४४३ |
| अन्य चालु दायित्व | १२,५७१,८३० | ३,२५६,००५ | ३,३३९,७३२ |
| **जम्मा चालु दायित्व** | **५१,५५१,४१०** | **४५,७६१,०९५** | **१६४,०१६,४६४** |
| **जम्मा दायित्व** | **२१८,७५५,०६३** | **१९८,०९१,६६९** | **३३७,४३५,६६१** |
| **जम्मा इक्विटी तथा दायित्व** | **४९७,४०५,२११** | **७९६,१०५,७०७** | **९३८,७८५,६४५** |

नेपाल सरकारले सूचीकृत दर अनुसार दिएको सुविधा बमोजिम कर छुट हुनुपर्नेमा कर कार्यालयले सो सम्बन्धमा विगतका वर्षहरुको थप कर निर्धारण गरे वापत आ.व. २०७८/७९ मा रु. ९९,६४,५३०/- भुक्तानी गरिएको र सो रकम संचित मुनाफाबाट घटाइएको ।

**नाफा नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
| बिद्युतबाट बिक्री आम्दानी | ९३,९८८,६४२ | ७९,७०८,९५० | ३,४९२,१८७ |
| विक्री लागत | २०,३११,३६३ | १६,४२५,१५४ | १३,६९१,३३२ |
| **कुल आम्दानी** | **७३,६७७,२७९** | **६३,२८३,७९६** | **(१०,१९९,१४५)** |
| अन्य आम्दानी | ४,५३७,४१३ | १५,६५३,८८७ | ७३,०८३,३५० |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | ५,११२,६७६ | ५,६९४,३९५ | ५,४२५,६२४ |
| कर्मचारी सुविधा खर्च | ३,७५३,१६९ | ६,२६५,४०० | ४,९३५,६६० |
| वित्तीय खर्च | २०,३००,६३९ | ३१,७९४,१७७ | २१,२००,७२२ |
| ह्रासकट्टी | २१,६७६,७०१ | २१,७३८,३६४ | २६,५१४,३०१ |
| Impairment Loss | २०,९२६,३४० | २,५००,००० | १,२७९,१४१ |
| **जम्मा खर्च** | **७१,७६९,५२५** | **६५,६१६,३८१** | **५६,७९७,१६६** |
| **बोनस तथा आयकर अधिको मुनाफा** | **६,४४५,१६७** | **१३,३२१,३०२** | ६,०८७,०३९ |
| कर्मचारी बोनस व्यवस्था | १२८,९०३ | २६६,४२६ | |
| घटाउनेः कर खर्च | | | |
| चालु कर | ३,७२६,५१९ | ४,१९८,४४२ | ८७६,४४३ |
| स्थगन कर | | | २७१,८१८ |
| **संस्थागत सामाजिक उत्तरदायित्व अधिको मुनाफा** | **२,५८९,७४५** | **८,८५६,४३४** | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | २५,८९७ | ८८,५६४ | |
| **यस अवधिको मुनाफा** | **२,५६३,८४८** | **८,७६७,८७०** | **४,९३८,७७८** |

मिति २०८०/०३/०२ गते गएको बाढीका कारणले आयोजनाले वार्षिक रुपमा उत्पादन हुने विद्युत बिक्री वितरण गर्न नसकेकोले कम्पनीको संचालन आम्दानीमा नकरात्मक असर परेको हो ।

**नगद प्रवाह विवरण**

| विवरण | वास्तविक (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
| **कारोबार सञ्चालनमा नगद प्रवाह** | | | |
| यस अवधिको मुनाफा | २,५६३,८४८ | ८,७६७,८७० | ४,९३८,७७८ |
| समायोजन | | | |
| वित्तीय खर्च | २०,३००,६३९ | ३१,७९४,१७७ | २१,२००,७२२ |
| स्थगन कर | | | २७१,८१८ |
| Profit /Loss On Investment Through FVTPL | | (२,३७५,९५५) | (१,२७९,१४१) |
| गैर चालु सम्पत्तिको ह्रासकट्टी | २१,६७६,७०१ | २१,७३८,३६४ | २६,५१४,३०१ |
| व्यपारिक आसामीमा कमी/वृद्धि | (८,३८५,५६६) | १३,२८१,३१८ | ३,१४६,५३१ |
| वित्तीय सम्पत्तिमा कमी/वृद्धि | १७,३७१,००० | (९६,२१२,०००) | ४१,००३,००० |
| चालु सम्पत्तिमा कमी/वृद्धि | (४,०५३,५७७) | (२९,३३१,९४०) | (३०,५८५,२७०) |
| चालु कर सम्पत्तिमा कमी/वृद्धि | | (२,१८३,०४६) | (५१२,३५९) |
| वित्तीय दायित्वमा कमी/वृद्धि | १,७९१,१८७ | २,३१५,४९१ | ९७,९८७,४५४ |
| अन्य वित्तीय दायित्वमा कमी/वृद्धि | (१,३७६,७२२) | ७३८,०९६ | २३,५०६,१८७ |
| चालु कर दायित्वमा कमी/वृद्धि | ३,४६८,३६४ | ४७१,९२३ | (३,३२१,९९९) |
| अन्य दायित्वमा कमी/वृद्धि | १०,२०५,९६८ | (९,३१५,८२५) | ८३,७२७ |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **६३,५६१,८४२** | **(६०,३११,५२७)** | **१३१,३०७,२७१** |
| **कारोबार सञ्चालनबाट खुद नगद प्रवाह** | **६३,५६१,८४२** | **(६०,३११,५२७)** | **१८२,९५३,७४९** |
| **लगानी कारोबारमा नगद प्रवाह** | | | |
| स्थिर सम्पत्ति खरिदबाट प्राप्त रकम | (१,०००,०००) | (१५३,७८८,०००) | (१४५,२८५,५७१) |
| सम्पत्ति, मेशिनरी तथा उपकरण खरिद (परियोजना) | (९,९६४,५३०) | (१,५३२,८२१) | (९२,४७१,३२७) |
| सम्पत्ति, मेशिनरी तथा उपकरण खरिद | (३,१३१,५४९) | | (१,३३५,३९१) |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(१४,०९६,०७९)** | **(१५५,३२०,८२१)** | **(२३९,०९२,२८९)** |
| **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | | | |
| सापटीमा कमी/वृद्धि | (२१,००३,०८४) | (१४,८७३,०८०) | २०,३११,९१५ |
| शेयर पूँजीमा कमी/वृद्धि | - | २६७,९०७,५०० | |
| लाभांश भुक्तानी | - | - | |
| शेयर प्रिमियम | | ४३,७४३,०६५ | |
| हकप्रद शेयर जारी खर्च | | (१,०५४,५४४) | (१,०९७,९४२) |

| | | | |
|---|---|---|---|
| वित्तीय खर्च | (२०,३००,६३९) | (३१,७९४,१७७) | (२१,२००,७२२) |
| **वित्तीय स्रोत कारोबारबाट खुद नगद प्रवाह** | **(४१,३०३,७२३)** | **२६३,९२८,७६४** | **(१,९८६,७४९)** |
| **सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **८,१६२,०४०** | **४८,२९६,४१६** | **(५८,१२५,२८९)** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २,६२८,५४१ | १०,७९०,५८१ | ५९,०८६,९९७ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१०,७९०,५८१** | **५९,०८६,९९७** | **९६१,७०८** |

## इक्विटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूँजी | जगेडा तथा कोषहरु | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | पूँजी कोष | शेयर प्रिमियम | अन्य विस्तृत आम्दानी | जगेडा कोष | संचित नाफा | |
| **श्रावण १, २०७८ को मौज्दात** | २६,७९,०७,५०० | - | - | - | - | १,८१,४३,३३० | २८,६०,५०,८३० |
| यस अवधिको नाफा | - | - | - | - | - | २५,६३,८४८ | २५,६३,८४८ |
| Prior Period Expenses | - | - | - | - | - | (९९,६४,५३०) | (९९,६४,५३०) |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - | - |
| आयकर | - | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | - | - | - | - | - | - |
| संचित नाफामा सारिएको रकम | - | - | - | - | - | - | - |
| **आषाढ २०७९ को अन्तिम मौज्दात** | **२६,७९,०७,५००** | - | - | - | - | **१,०७,४२,६४८** | **२७,८६,५०,१४८** |
| धितोपत्र जारी | २६,७९,०७,५०० | - | - | - | - | - | २६,७९,०७,५०० |
| शेयर प्रिमियम | - | - | ४,३७,४३,०६५ | - | - | - | ४,३७,४३,०६५ |
| यस अवधिको नाफा | - | - | - | - | - | ८७,६७,८६९ | ८७,६७,८६९ |
| Prior Period Expenses | - | - | - | - | - | - | - |
| हकप्रद शेयर जारी खर्च | - | - | - | - | - | (१०,५४,५४४) | (१०,५४,५४४) |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - | - |
| आयकर | - | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | - | - | - | - | - | - |
| संचित नाफामा सारिएको रकम | - | - | - | - | - | - | - |
| **आषाढ २०८० को अन्तिम मौज्दात** | **५३,५८,१५,०००** | - | **४,३७,४३,०६५** | - | - | **१,८४,५५,९७३** | **५९,८०,१४,०३८** |
| धितोपत्र जारी | - | - | - | - | - | - | - |
| यस अवधिको नाफा | - | - | - | - | - | ४९,३८,७७८ | **४९,३८,७७८** |
| गत वर्षको आयकर | - | - | - | - | - | (५,०४,८९०) | **(५,०४,८९०)** |
| हकप्रद शेयर जारी खर्च | - | - | - | - | - | (१०,९७,९४२) | **(१०,९७,९४२)** |
| Prior Period Expenses | - | - | - | - | - | - | - |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - | - |
| आयकर | - | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | - | - | - | - | - | - |
| संचित नाफामा सारिएको रकम | - | - | - | - | - | - | - |
| **आषाढ २०८१ को अन्तिम मौज्दात** | **५३,५८,१५,०००** | - | **४,३७,४३,०६५** | - | - | **२,१६,९१,९१९** | **६०,१३,४९,९८४** |

ख) आगामी तीन बर्षको अनुमानित वित्तिय स्थिती देहाय बमोजिम छ ।

## वासलात

| विवरण | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| साधारण सम्पत्ति | ११,४४४,७१९ | ११,४४४,७१९ | ११,४४४,७१९ |
| घटाउने :संचित ह्रास कट्टि | (८,१६३,६८३) | (८,८३६,७१८) | (९,३६७,९७८) |
| खुद साधारण सम्पत्ति | ३,२८१,०३६ | २,६०८,००१ | २,०७६,७४१ |
| परियोजना सम्पत्ति | ७४०,९५७,००२ | ७४०,९५७,००२ | ७४०,९५७,००२ |
| घटाउने :संचित ह्रास कट्टि | (२८६,५२८,०९९) | (३१२,०१०,०९४) | (३३७,४९२,०८९) |
| खुद परियोजना सम्पत्ति | ४५४,४२८,९०३ | ४२८,९४६,९०८ | ४०३,४६४,९१३ |
| सहायक कम्पनीमा लगानी | ७६८,६८०,००० | ७६८,६८०,००० | ७६८,६८०,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,२२६,३८९,९३९** | **१,२००,२३४,९०९** | **१,१७४,२२१,६५४** |
| **चालु सम्पत्ति** | | | |
| व्यपारिक आसामी | २५,२६२,०४५ | २५,२६२,०४५ | २५,२६२,०४५ |
| नगद तथा नगद मौज्दात | २१,५११,४१० | ४०,४०५,१८१ | ५६,३८९,२४२ |
| शेयरमा गरिएको लगानी | ५५,९९४,६६७ | ५५,९९४,६६७ | ५५,९९४,६६७ |
| अन्य वित्तीय सम्पत्ति | ३६,४१९,२०० | ३६,४१९,२०० | ३६,४१९,२०० |
| चालु कर सम्पत्ति | ५,७६०,२९७ | १६९,४०२ | १७७,८७२ |
| अन्य चालु सम्पत्ति | १०,७७५,२९७ | १०,८५८,८२७ | १०,९५०,७०९ |
| **जम्मा चालु सम्पत्ति** | **१५५,७२२,९१७** | **१६९,१०९,३२२** | **१८५,१९३,७३५** |
| **जम्मा सम्पत्ति** | **१,३८२,११२,८५६** | **१,३६९,३४४,२३०** | **१,३५९,४१५,३८९** |
| **इक्विटी र दायित्वहरु** | | | |
| **इक्विटी** | | | |
| शेयर पूँजी | १,०७१,६३०,००० | १,०७१,६३०,००० | १,०७१,६३०,००० |
| जगेडा तथा कोष | ११०,५४६,३५४ | १४५,७१७,७६८ | १७९,०९५,६१६ |
| **जम्मा इक्विटी** | **१,१८२,१७६,३५४** | **१,२१७,३४७,७६८** | **१,२५०,७२५,६१६** |
| **गैर चालु दायित्व** | | | |
| सापटी | १२९,५२६,२११ | ८६,३७३,३५२ | ४३,१९८,२५२ |
| खुद स्थगन कर सम्पत्ति | ७७६,७०८ | ७७६,७०८ | ७७६,७०८ |
| **जम्मा गैर चालु दायित्व** | **१३०,३०२,९१९** | **८७,१५०,०६०** | **४३,९७४,९६०** |
| **चालु दायित्व** | | | |
| कर्जा | ४३,११६,२७९ | ४३,१५२,८५९ | ४३,१७५,१०० |
| अन्य वित्तीय दायित्व | १२,३६४,४६० | १२,४३६,५२४ | १२,५१५,७९५ |
| चालु कर दायित्व | ९,६५१,२०५ | ५,१८८,१७५ | ४,९३५,०१० |
| अन्य चालु दायित्व | ४,५०१,६३९ | ४,०६८,८४३ | ४,०८८,९०९ |
| **जम्मा चालु दायित्व** | **६९,६३३,५८३** | **६४,८४६,४०१** | **६४,७१४,८१३** |
| **जम्मा दायित्व** | **१९९,९३६,५०२** | **१५१,९९६,४६२** | **१०८,६८९,७७३** |
| **जम्मा इक्विटी तथा दायित्व** | **१,३८२,११२,८५६** | **१,३६९,३४४,२३०** | **१,३५९,४१५,३८९** |

## नाफा नोक्सान हिसाव

| विवरण | प्रक्षेपित (रु.) | | |
|---|---|---|---|
| | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
| बिद्युतबाट बिक्री आम्दानी | १०७,१८०,१७२ | १०७,१८०,१७२ | १०७,१८०,१७२ |
| विक्री लागत | १६,४२५,१५४ | १३,६९१,३३२ | २०,३१७,६३८ |
| **कुल आम्दानी** | **९०,७५५,०१८** | **९३,४८८,८४०** | **८६,८६२,५३४** |
| अन्य आम्दानी | २६,२७५,५६८ | १,१२९,३४६ | १,१८५,८१३ |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | ५,६८५,६०५ | ५,९५८,५८५ | ६,२४५,२१५ |
| कर्मचारी सुविधा खर्च | ५,१८२,४४३ | ५,४४१,५६५ | ५,७१३,६४३ |
| वित्तीय खर्च | २१,०८८,४८२ | १६,७९६,३७४ | ११,९१६,५९३ |
| ह्रासकट्टी | २६,३३६,११० | २६,१५५,०३१ | २६,०१३,२५४ |
| Gain (Loss) on Investment through FVTPL | १,२७९,१४१ | १,२७९,१४१ | १,२७९,१४१ |
| Impairment Loss | – | – | – |
| **जम्मा खर्च** | **५७,०१३,४९९** | **५३,०७२,४१४** | **४८,६०९,५६४** |
| **बोनस तथा आयकर अघिको मुनाफा** | **६०,०१७,०८६** | **४१,५४५,७७२** | **३९,४३८,७८३** |
| कर्मचारी बोनस व्यवस्था | १,२००,३४२ | ८३०,९१५ | ७८८,७७६ |
| घटाउनेः कर खर्च | | | |
| चालु कर | ९,६५१,२०५ | ५,१८८,१७५ | ४,९३५,०१० |
| स्थगन कर | – | – | – |

| | | | |
|---|---|---|---|
| **संस्थागत सामाजिक उत्तरदायित्व अघिको मुनाफा** | **४९,१६५,५३९** | **३५,५२६,६८२** | **३३,७१४,९९७** |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | ४९१,६५५ | ३५५,२६७ | ३३७,१५० |
